२०७५ सालको कार्यविधि नं. ६

# आर्थिक सहायता वितरण सम्बन्धी कार्यविधि,२०७५

त्रिवेणी गाउँपालिका
लुहाम,सल्यान
कर्णाली प्रदेश

# आर्थिक सहायता वितरण सम्बन्धी कार्यविधि, २०७५

गाउँकार्यपालिकाबाट स्वीकृत मिति :२०७५।३।२८

**प्रस्तावना** : त्रिवेणी गाउँपालिका क्षेत्रभित्रका नागरिकलाई विभिन्न विपत्ति, दुर्घटना तथा कडा रोग ( नसर्ने खालको रोग) को कारण पर्न आएको दुःखबाट केही मात्रामा भएपनि राहत उपलब्ध गराउन आवश्यक भएकोले राहात वितरण गर्ने कार्यलाई व्यवस्थित र वस्तुपरक बनाउन त्रिवेणी गाउँपालिकाको प्रशासकीय कार्यविधि(नियमित गर्ने) ऐन, २०७५ ले दिएको अधिकार प्रयोग गरी गाउँ कार्यपालिकाबाट यो कार्यविधि जारी गरिएकोछ ।

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यो कार्यविधिको नाम "आर्थिक सहायता वितरण सम्वन्धी कार्यविधि,२०७५" रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषा :

(क) "विपत्ति" भन्नाले प्राकृतिक वा मानवीय कारणले घट्ने घटना तथा दुर्घटना सम्झनु पर्छ ।

(ख) "कडा रोग" भन्नाले मानिसको शरीरको कुनै अंगमा लाग्ने नेपाल सरकारले कडा रोग भनि परिभाषित गरका रोगहरु सम्झनु पर्छ ।

(ग) "प्रहरी मूचुल्का" भन्नाले कुनै घटना घटेको बखत सो घटना सम्वन्धमा प्रहरीबाट भएको स्थलगत मूचुल्कालाई सम्झनु पर्छ ।

(घ) "डाक्टरको सिफारिस" भन्नाले कुनै रोगको सम्वन्धमा रोगसंग सम्वन्धित अस्पतालको चिकित्सकबाट जारी गरिएको प्रतिवेदन, डाएग्नोसिस चार्ट वा प्रेस्क्रिप्सन समेतलाई सम्झनु पर्छ ।

३. **विपत्तिमा परेकाले निवेदन दिनुपर्ने** : (१) त्रिवेणी गाउँपालिकाभित्र स्थायी बसोवास गर्ने कुनै व्यक्तिलाई प्राकृतिक वा मानवीय कारणबाट कुनै घटना दुर्घटना परी क्षति भएको वा नेपाल सरकारले कडा रोग भनि तोकेको रोग लागि उपचार गराउनु पर्ने वा गराई रहेको भएमा त्यस्तो व्यक्ति स्वयं वा निजको एकाघरको वा एकाघरको नभए सबै भन्दा नजिकको हेरचाह गरिरहेको व्यक्तिले तपसिलका कागजात संलग्न राखी सम्बन्धित वडा कार्यालयमा निवेदन दर्ता गराउनु पर्नेछ । निवेदनको ढाँचा अनुसूचि १ बमोजिमको हुनेछ ।

(क) घटनाको फोटो एक प्रति,

(ख) नेपाली नागरिकताको प्रतिलिपि

(ग) स्थायी बासिन्दा भएको अन्य प्रमाण आवश्यक पर्ने भए सो को प्रतिलिपि,

(घ) विवाह गरी आएको हकमा विवाह दर्ताको प्रतिलिपि,

(ङ) घटना सम्वन्धमा प्रहरीको स्थलगत मूचुल्का

(च) स्वास्थ्य सहायताको हकमा माथि खण्ड (ख) र (ग) मा उल्लेखित कागजातका अतिरिक्त देहायको कागजात र अवस्था हुनुपर्नेछ :

(२) कागजात :

(क) मान्यताप्राप्त चिकित्सकको प्रीस्कृप्सन,

(ख) अस्पताल भर्ना गरेको कागजात

(ग) अन्य आवश्यक मेडिकल रिपोर्टहरु,

(३) अवस्था :

(क) नेपाल सरकारले कडारोग भनि वर्गीकरण भित्र परेको,

(ख) उपचार गराउनु पर्ने अवस्था भएको,

(ग) अस्पतालमा उपचार गराइरहेको

(घ) उपचार गराई सकेको अवस्थामा ३५ दिन मात्र व्यतीत भएको,

त्रिवेणी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय

०७५।८।१

तर, विवाह वा बसाई सरी अन्यत्र गएको तथा व्यक्तिको मृत्यु भएको अवस्थामा निवेदन दर्ता गरिने छैन ।

४. **वडा कार्यालयबाट सिफारिस गर्दा अनाउने कार्यविधि** : (१) वडा कार्यालयले आर्थिक सहायताको लागि सिफारिस गर्दा देहायका कुराहरुको आधार लिनु पर्नेछ ।

(क) निवेदनको व्यहोराको सत्यता

(ख) अन्य कुनै संघ संस्थाबाट आर्थिक सहायता प्राप्त गरेको नगरेको, गरेको भए कति,

(ग) आर्थिक अवस्थ (आर्थिक सहायता उपलब्ध गराउन आवश्यक भएको वा नभएको),

५. **वडा कार्यालयले निवेदन गाउँ कार्यपालिकामा पठाउने** : (१) दफा ३ बमोजिम पर्न आएको निवेदन माथि दफा ४ बमोजिमका आधारमा छानविन गरी घटनाको प्रकृति, पेश भएका कागजातका सत्यता समेतलाई तथ्यगत आधारमा विचार गरी सहायता दिनुपर्ने ठहरेमा अनुसूचि २ बमोजिमको ढाँचामा सिफारिस सहित निवेदकले पेश गरेका कागजातहरु गाउँ कार्यपालिकामा पठाउने ।

६. **सहायता वितरण सिफारिस समितिको गठन** : (१) आर्थिक सहायता वितरण समितिको गठन देहाय अनुसार

| | |
|---|---|
| (क) विपद् व्यवस्थापन समितिको संयोजक | संयोजक |
| (ख) आर्थिक प्रशासन प्रमुख | सदस्य |
| (ग) विपत शाखा हेर्ने कर्मचारी | सदस्य सचिव |

(घ) स्वास्थ्य शाखा हेर्ने प्रमुख (रोगको सम्वन्धमा स्वास्थ्यसंग सम्बन्धित कर्मचारी)

**(२) समितिको काम कर्तव्य र अधिकार**

(क) वडावाट प्राप्त निवेदनको अध्ययन गरी वडाबाट आवश्यक प्रक्रिया पुऱ्याएको नपुऱ्याएको छानविन गरी प्रक्रिया नपुऱ्याएको पाइएमा प्रक्रिया पुऱ्याएर ल्याउन फिर्ता पठाउने,

(ख) सहायता उपलब्ध गराउनु पर्ने देखिएमा कुन प्रकारको सहयता दिनुपर्ने हो एकिन गरी कार्यालयमा सिफारिस गर्ने

७. **आर्थिक सहायता उपलब्ध गराउने** :(१) समितिबाट प्राप्त सिफारिस अनुसार विपद् हेर्ने शाखावाट निणयको लागि अनुसूची ३ बमोजिमको ढाँचामा टिप्पणी पेश भई प्रमुख प्रशासकीय अधिकृतको राय सहित अध्यक्षको तहबाट निर्णय गरी रु. ५०००।- सम्मको सोझै र सो भन्दा माथिको रकमको हकमा कार्यपालिकाको निर्णय अनुसार गर्ने ।

८. **उपलब्ध गराउन सकिने सहायता रकम** : (१) गाउँपालिकाबाट देहायको अवस्थामा तपसिल वमोजमको सहायता उपलब्ध गराउन सक्नेछ । तर, अन्य संघ संस्थाबाट गाउँपालिकाले उपलब्ध गराउने भन्दा बढी आर्थिक सहायता प्राप्त गरेको रहेको रहेछ भने तोकिएको रकममा २५ प्रतिशत कम गरेर उपलब्ध गराउनु पर्नेछ ।

(क) आगलागी वा अन्य कारणले घर सम्पूर्ण क्षति भएमा : ५०००।

(ख) आगलागी वा अन्य कारणले घर आंशिक क्षति भएमा : ३०००।

(ग) विपत्तिको कारण गोठमा पूर्ण क्षति भएमा : २०००।

(घ) विपत्तिको कारण घर वा गोठमा आंशिक क्षति भएमा : क्रमश : ३००० र २०००।

(ङ) विपत्तिको कारणबाट मानिसको मृत्यु भएमा क्रिया खर्च वापत प्रति मृतक (२० वर्ष माथिको लागि मात्र) रु.५०००।

(२) रोग लागेको हकमा उपलब्ध गराउन सकिने सहायता( दफा ३ को खण्ड (३) को अवस्थाको लागि मात्र) १०,०००।

२०७५/०६/१९

(ग) सरकारी वा नेपाल सरकारबाट मान्यता प्राप्त अस्पताल वा स्वास्थ्य केन्द्रको अनुसन्धान रिपोर्टलाई मात्र मान्यता दिइनेछ र सरकारी अस्पतालमा औषधि उपचार गराएकोलाई मात्र यस्तो सहायता उपलब्ध हुनेछ ।

९. **विविध कामको लागि आर्थिक सहायता :** (१) अन्य विविध कार्यको लागि भनि आर्थिक सहायता माग भई आएमा आवश्यकता, औचित्यता तथा बजेटको सिमा समेतलाई विचार गरी दफा ७ को प्रक्रिया अनुसार आर्थिक सहायता उपलब्ध गराउन सकिनेछ ।

तर, उपदफा (१) बमोजिम प्रदान गरिने सहायता जम्मा विनियोजित बजेटको २० प्रतिशत भन्दा बढी हुनेछैन ।

१०. **अनुमोदन तथा सार्वजनिक गर्नुपर्ने :** (१) आर्थिक सहायता वितरणको विवरण प्रत्येक तीन तीन महिनामा सूचना पाटीमा टाँस गरी सार्वजनिक गर्नुपर्नेछ ।

११. **समितिको बैठक :**(१) समितिको नियमित बैठक दुई महिनाको एक पटक र अन्य समयमा आवश्यकता अनुसार बस्नेछ ।

अनुसूचि - १

(दफा ३ को उपदफा (१) संग सम्वन्धित)

निवेदनको ढाँचा

श्री वडाअध्य ज्यू

........ नं वडा कार्यालय

मिति :२०७ । ।

विषय : आर्थिक सहायत उपव्ध गराइपाउँ ।

प्रस्तुत विषयमा म/मेरो एकाघरको .......... नाता पर्ने .................. को ............ कारणले गर्दा ................ घटना भएकोले/..............रोग लागेकोले गाउँपालिकाले उपलब्ध गराउने आर्थिक सहायता पाउन आवश्यक कागजात यसैसाथ संलग्न राखी यो निवेदन पेश गरेकोछु ।

निवेदक

.........................

अनुसूचि - २

(दफा ५ को उपदफा (१) संग सम्वन्धित)

शिफारिसको ढाँचा

श्री गाउ कार्यपालिकाको कार्यालय,

लुहाम,सल्यान

मिति :

विषय : शिफारिस गरिएको ।

प्रस्तुत विषयमा ...... ........... गाउँ बस्ने ..............ले/को............ नाता पर्ने ................. ले म/............... लाई ...................... घटना भएको/रोग लागेकोले गाउँपालिकाबाट आर्थिक सहायता उपलब्ध गराइपाउँ भनि यस कार्यालयमा निवेदन दर्ता गराएको र निजले पेश गरेको निवेदनको व्यहोरा तथा कागजात हेर्दा ............... आर्थिक सहायता पाउने देखिएकोले निजले पेश गरेका सक्कल कागजात सहित यो शिफारिस गरिएकोछ ।

CamScanner

..................
वडा अध्यक्ष

अनुसूचि - ३
(दफा ७ को उपदफा(१) संग सम्बन्धित)
टिप्पनीको ढाँचा

श्रीमान्
प्रस्तुत विषयमा त्रिवेणी गाउँपालिका वडा नं....... ......... बस्ने तपशिलका व्यक्ति/संस्थाले .................................. भएबापत आर्थिक सहायता उपलब्ध गराइपाउँ भनि वडा कार्यालयमा दिएको निवेदन अनुसार तत् वडाबाट किटानी शिफारिस सहित निजहरुले पेश गरेका कागजातको आधारमा सहायता वितरण सिफारिस समितिबाट समेत देहाय अनुसार आर्थिक सहायता उपलब्ध गराउन शिफारिस गरेको,
माथिका कागजातहरुको अध्ययन गर्दा आर्थिक सहायता वितरण सम्बन्धि कार्यविधि,२०७५ बमोजिम देहाय अनुसार हुन मनासिब देखि आवश्यक निर्णयार्थ यो टिप्पनी पेश गरेकोछु ।

टिप्पनी पेश गर्ने

**तपशिल**

| क.स. | सहायता प्राप्त गर्ने व्यक्तिको नाम,थर | ठेगाना | आर्थिक सहायता प्राप्त गर्नुपर्ने कारण | पेश गरेका आवश्यक कागजातहरु | आर्थि सहायता रकम |
|---|---|---|---|---|---|
| | | | | | |

अनुसूचि -४
(दफा १० को उपदफा(१) संग सम्बन्धित)
प्रकाशित गर्ने सूचनाको ढाँचा

प्रकाशित मिति :

| सहायता प्राप्त गर्ने व्यक्तिको नाम,थर | ठेगाना | आर्थिक सहायता प्राप्त गर्नुपर्ने कारण | पेश गरेका आवश्यक कागजातहरु | आर्थि सहायता रकम | निर्णय मिति |
|---|---|---|---|---|---|
| | | | | | |

दस्तखत :
सदस्य सचिव